## के यहूदी पुरुषहरूले उनीहरूलाई नारी नबनाएकोमा परमेश्वरलाई धन्यवाद दिन्थे ?

**हो, तिनीहरूले दिन्थे!** हरेक दिन, यहूदी मानिसहरूले *बेराका* प्रार्थना गर्थे। *बेराका*को अर्थ 'धन्यको' हो। जसमा यी शब्दहरू थिए:

**धन्यको** हुनुहुन्छ उहाँ जसले मलाई अन्यजाति बनाउनुभएन।

**धन्यको** हुनुहुन्छ उहाँ जसले मलाई नारी बनाउनुभएन।

**धन्यको** हुनुहुन्छ उहाँ जसले मलाई अशिक्षित मानिस (वा दास) बनाउनुभएन।

–टि. बेराखोट ७.१६–१८

मुख्य शब्द

**Beraka**

**धन्यको**

**सुसमाचारले संस्कृति परिवर्तन गर्छ!**

पावलले परम्परागत यहूदी प्रार्थना बुझेका थिए। हरेक दिन, उनलाई थाहा थियो कि यहूदी पुरूषहरूले तिनीहरू महिला, अन्यजाति, वा दासको रूपमा नजन्मेकोमा बिहान उठेर परमेश्वरलाई धन्यवाद दिन्थे। पावललाई येशूको सुसमाचारको वास्तविकता र ख्रीष्टले कसरी सबै कुरा परिवर्तन गर्न सक्नुहुन्छ भन्ने कुरा पनि थाहा थियो। बेराका परम्परा र सक्रिय यहूदीहरूको प्रतिक्रियामा, पावलले गलाती ३:२६–२९ मा लेखे:

*२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ **अब न त यहूदी छ न ग्रीक, त कमारा छ न फुक्का, न त पुरूष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू एउटै हौ।***
*२९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।*

**स्थायी उत्तराधिकारीको रूपमा वर्गीकृत**

यहूदी संस्कृतिले जाति, सामाजिक स्थिति, वा लिङ्गको आधारमा मानिसहरूलाई अलग र वर्गीकरण गर्‍यो। स्पष्ट रूपमा यहूदी हुनु भनेको फुक्का हुनु, पुरूषको शीर्षता थियो। तै पनि, अन्यजातिहरू यहूदी बन्न सक्थे र दासहरूले आफ्नो स्वतन्त्रता प्राप्त गर्न सक्थे। तर महिलाहरू कहिल्यै पुरूष बन्न सकेनन् (आधुनिक चिकित्सा/प्रविधिको द्वारा पनि)। बेराकाले महिलाहरूलाई निरन्तर भेदभावको व्यवस्थामा राख्यो। तर पावलको बेराकाको भविष्यसूचक पुनरावृत्तिले देखाएको छ कि ख्रीष्टले सबैले आशिष् पाउनको लागि ढोका खोलिदिनुभयो।

## ख्रीष्टमा– सन्तान(छोरा)हरू, एउटै हौ, ख्रीष्टका हौ, उत्तराधिकारीहरू!

**"छोराहरू" पूर्ण रूपमा उत्तराधिकारी!**

यस खण्डमा मुख्य शब्दहरू समावेश छन्: 'ख्रीष्टमा–सन्तान(छोरा)हरू... एउटै हौ... ख्रीष्टका हौ... उत्तराधिकारीहरू...ख्रीष्ट येशूमा।' गलाती ३:२६मा ग्रीक शब्द 'सन्तान' छैन तर 'छोराहरू' (υἱοί). यो स्पष्टिकरण महत्वपूर्ण छ किनभने सांस्कृतिक सन्दर्भमा जहाँ पावलले सेवा गर्थे, छोराहरूले मात्र पूर्ण उत्तराधिकार प्राप्त गर्थे। व्यक्तिको जन्म वा जीवन परिस्थिति जस्तोसुकै भएतापनि, ख्रीष्टमाथिको विश्वासले विश्वासीहरूलाई 'छोरा'को आशिषित् वर्गमा राख्छ भनेर पावलले सिकाए। पुत्रत्वको साथ पूर्ण उत्तराधिकारको प्रतिज्ञा पनि आउँछ।

**ख्रीष्टमा तपाईंले कस्तो उत्तराधिकार पाउनुभयो?**

बिचार गर्नुहोस्, आत्मिक उत्तराधिकार एक ख्रीष्टियनबाट अर्को ख्रीष्टियनमा कसरी फरम हुन्छ? के जातियता, सामाजिक हैसियत, शिक्षा, आर्थिक स्तर वा लैगिङ्कताले ख्रीष्टमा हामीले पाएको कुरालाई असर गर्छ? धर्मशास्त्रले भन्छ, "गर्दैन[" हामी सबैले क्षमा, मुक्ति, पवित्र आत्मा, परमेश्वरमा पहुँच, आत्मिक वरदान, र स्वर्गीय नागरिकता प्राप्त गर्दछौं।

## निष्कर्ष

पावलले यहूदी प्रार्थनालाई अगाडि पल्टाए –बेराका अब प्रभावकारी रहेन! अब फुक्का, यहूदी पुरुषहरूमात्र धन्यका भन्ने कुराहरू रहेनन्। अब एउटा व्यक्तिको शारीरिक वा सांस्कृतिक स्थितिले चर्चमा उनीहरूको प्रवेश र पूर्ण सहभागितालाई सिमित गरेन। अब ख्रीष्टमा, सबैजना उहाँको हुन्, सबैजना उहाँका छोराहरू हुन्, सबै उत्ताधिकारीहरू हुन् र सबै बेराका –आशिषित् वा धन्यका हुन्।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com